# जोरायल राजपत्र


## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः-९ संख्याः- ९ मिति २०८२ पुष २५ गते


## भाग २

## जोरायल गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;**

संवत् २०८२ को कार्यविधि नं ९

# जोरायल गाउँपालिका गरिब लक्षित स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यविधि २०८२

जोरायल गाउँपालिका

## प्रस्तावना :

सामाजिक सुरक्षाको हक अन्तर्गत नेपालको संबिधानको धारा ३५ मा रहेको स्वास्थ्य सम्बन्धि हक, स्थानीय सरकार संचालन ऐन २०७४ तथा गाउँपालिकाको प्रशाशकिय कार्य नियमित गर्ने ऐन बमोजिम संवैधानिक व्यवस्था गरिएको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई राष्ट्रिय स्वास्थ्य बिमा नीति अन्तर्गत स्थानीय नागरिकको स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी स्वास्थ्य बीमाबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने नीतिको स्थानीय स्तरमा कार्यान्वयन गर्नका लागि जोरायल गाउँपालिका,डोटी यो कार्यबिधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद -१

### नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "जोरायल गाउँपालिकाका गरिब लक्षित स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यविधि २०८२" रहेको छ,

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ,

२. परिभाषाः बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,(

क. "गाउँपालिका" भन्नाले जोरायल गाउँपालिकाका डोटी लाई सम्झनु पर्नेछ,

ख. "पालिकाबासी" भन्नाले जोरायल गाउँपालिकाका स्थायी बासिन्दालाई सम्झनुपर्नेछ,

ग. “अध्यक्ष” भन्नाले पालिकाको हकमा गाउँपालिकाको अध्यक्ष र वडाको हकमा वडा अध्यक्ष लाई सम्झनु पर्दछ,

घ. “बिपन्न” भन्नाले गरिबीको परिचय पत्र वितरण गरेको हकमा सो परिचय पत्रवाला तथा गरिबीको परिचय पत्र वितरण नभएको हकमा सम्बन्धित वडाबाट बिपन्न नागरिक भनि सिफारिस भएको प्रमाण पत्र प्राप्त व्यक्तिलाई सम्झनुपर्नेछ,

## परिच्छेद -२

## २.स्वास्थ्य बीमा सहयोग कार्यक्रम :

(क) जोरायल गाउँपालिका क्षेत्रभित्र स्थायीबसोबास गरी बस्ने, तर आर्थिक अवस्थाका कारण आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग स्वास्थ्य उपचार गराउन बाट र स्थानीय सरकारले जनताको स्वास्थ्य प्रति जिम्वेवारी भई स्वास्थ्य नै मूल धन हो भन्ने ठानी यस पालिकाबासि गरिब बिपन्न नागरिकहरुको स्वास्थ्य उपचारमा हुने सम्भावित खर्चको जोखिमलाई न्युनीकरण गर्ने उद्देश्यले गाउँ कार्यपालिका बाट स्वास्थ्य विमा कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

(ख) यो कार्यक्रम औसत १ परिवारमा ५जना र थप सदस्य भएमा समेत सबैसदस्य लाई समेट्ने गरी सञ्चालन गरिने छ । यो कार्यक्रम यस परिवारका लागि चालु आर्थिक वर्षको शुरुबाटै लागु हुनेछ ।

(ग) रकम तिर्न नसक्ने अति बिपन्न ब्यक्तिहरुको हकमा सम्बन्धित वडाको सिफारिसमा ५० प्रतिशत प्रिमियम पालिकाबाट भुक्तानी गरिनेछ,

३.**स्वास्थ्य बीमा लाभग्राही हुने आधारहरु :**नियम नं.१(क) बमोजिमको सहयोग प्राप्त गर्न देहायब मोजिमका ेआधारहरु पुगेको हुनु पर्नेछ :

(क) नेपाली नागरिक हुनु पर्नेछ ।

(ख) जोरायल गाउँ पालिकाभित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ ।

(ग) यस पालिका भित्रका बाहेक अन्यको हकमा बसाई सराईको कागज अनिबार्य पेश गर्नुपर्नेछ,

(ङ)अति बिपन्न भन्नाले आर्थिक रुपले वार्षिक रु.४०,०००।- (चालिस हजार) रुपैंया भन्दा कम आम्दानी हुने परिवार लाई जनाउने छ ।

४.**स्वास्थ्य बीमा लाभग्राही छनौट प्रक्रिया** स्वास्थ्य बीमा लाभग्राही छनौटका लागि निम्नानुसारका प्रक्रियाहरु पुरा गर्नु पर्नेछ :

- आवेदनदिनको लागि सूचना प्रसारण : नियम नं. १ बमोजिमको बीमा सहयोग कार्यक्रमका बारेमा सम्बन्धित सेवाग्राहीबाट आवेदन माग गर्न जोरायल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बाट आवेदन संकलनको लागि सम्बन्धित वडामा आवेदन माग गरिनेछ जसको लागि वडामा भएका दर्ता सहयोगीले सहजीकरण गर्ने छन,

- बीमा गर्न चाहने इच्छुक व्यक्तिले सम्बन्धित वडा कार्यालय वा वडाका जन प्रतिनिधि,कर्मचारी,स्वास्थ्यकर्मी मार्फत बीमा सम्बन्धी बिस्तृत सूचना लिन सक्नेछ ।
- आधार पुगेको इच्छुक व्यक्तिले बीमाको लागि अनुसूची-१बमोजिमको आवेदन रितपुर्वक भरी आफ्नो स्थायी ठेगाना खुलेको प्रमाण सहित वडा कार्यालयमा गई बुझाउनु पर्नेछ ।
- अनुसूची-१बमोजिमको आवेदन फाराम वडा कार्यालय बाट निःशुल्क उपलब्ध हुने छ ।
- आवेदकले आवेदन साथ सार्वजनिक रुपमा मद्यपान, धुम्रपान तथा लागु औषध जस्ता स्वास्थ्यलाई हानिकारक बस्तु सेवन नगर्ने प्रतिबद्धता जनाउनु पर्नेछ ।

**५.वडा स्तरीय स्वास्थ्य बीमा लाभग्राही समितिको गठन :**

वडा स्तरीय स्वास्थ्य बीमा लाभग्राहीको सिफारिस गर्न देहाय अनुसारको एक समिति को गठन हुनेछ ।:

| | |
|---|---|
| ➢ सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| ➢ सम्बन्धित वडाको वडा सदस्यहरु | सदस्य |
| ➢ सम्बन्धित वडाको स्वास्थ्य चौकी प्रमुख | सदस्य |
| ➢ सम्बन्धित वडाको दर्ता सहयोगी | सदस्य |
| ➢ वडा सचिव | सदस्य सचिव |



जोरायल गाउँपालिका

तर, बीमा लाभग्राहीको सिफारिस प्रयोजनका लागि समितिले थप परामर्शको आवश्यकता महसुस गरेमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

**६.वडा स्तरीय बीमा लाभग्राही समितिको काम, कर्तब्य तथाअधिकारः**

- वडा भित्र संकलन भएका वीमा आवेदनहरु रितपुर्वक भए नभएको जाँच गर्ने,
- नियम नं. २ बमोजिमका आधार नपुगेका अयोग्य आवेदनहरु सम्बन्धित आवेदकलाई कारण सहित फिर्ता गर्ने,
- योग्यता पुगेका आवेदनहरु लाई दर्ता गरिएको मितिको आधारमा क्रम मिलाएर आर्थिक रुपले विपन्न र अति सिमान्तकृत समुदायको छुट्टाछुट्टै अभिलेख राख्ने,
- बीमा गर्न इच्छुक आवेदकहरुको अन्तिम छनौटका लागि वडा स्तरीय स्वास्थ्य बीमा समितिमा छनौट गरि ७ (सात) दिनको समय भित्रै बिमा गराउने,
- वडा बाट छनौट भई आएको आफ्नो वडा भित्रका बीमा लाभग्राहीको नामावली प्रकाशन गर्ने र सम्बन्धित आवेदकलाई सम्झौता गर्न सूचित गर्ने साथै प्रत्येक महिना बिमा गरिएको संख्या सार्बजनिक गरि पालिकाको स्वास्थ्य शाखामा प्रतिबेदन गर्ने,
- दर्ता सहयोगी कर्मचारी मार्फत बीमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रबन्ध मिलाउने,

- बिबादास्पद कुनै लाभग्राही आएमा पालिका स्तरीय समितिमा कारण सहित पेश गर्ने,

## ७. पालिका स्तरीय स्वास्थ्य बीमा छनौट तथा सिफारिस समितिको गठन :

पालिका स्तरीय स्वास्थ्य बीमा छनौट तथा सिफारिस समितिको गठन देहायअनुसार हुनेछ ।

- गाउँपालिकाको अध्यक्ष संयोजक-१
- गाउँकार्यपालिकाकोउपाध्यक्ष सदस्य १
- कार्यपालिका सदस्यहरु मध्येबाट गाउँपालिका अध्यक्ष ले तोकेको १ जना दलित महिला२ जना महिला सहित ३ जना सदस्य-३
- स्वास्थ्य क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्यबाट सदस्य —२
- सामाजिक विकास शाखा प्रमुख सदस्य-१
- स्वास्थ्य,आर्थिक,प्रशासन शाखा प्रमुखहरु सदस्य-३
- प्रमुखप्रशासकियअधिकृत सदस्यसचिब -१
- जम्मा १३ जना

तर, बीमा लाभग्राहीको छनौट तथा सिफारिस प्रयोजनका लागि समितिले थप सहयोगको आवश्यकताको महसुस गरमो सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

जोरायल गाउँपालिका

**८.पालिका स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम, कर्तव्य तथा अधिकार :**

पालिका स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुने छ ।

- वडा बाट बर्गीकरण गरी सिफारिस सहित आएका आवेदनहरुको पुनः परीक्षण गर्ने,
- प्रक्रियाबिपरीत आएका आवेदन लाई सूचीबाट हटाउने,
- बीमा लाभग्राहीहरुको अन्तिम बर्गीकरण गर्ने साथै प्राथमिकता क्रम अनुसार नामावली तयारी गर्ने,
- स्वास्थ्य बीमा लाभग्राहीहरुको एवं बैकल्पिक बीमितहरुको अन्तिम नामनामेसी तयार गरी अनुमोदनका लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने,
- स्वास्थ्य बिमा कार्यक्रम संचालन गर्दा कुनै बाधा अड्चन परेमा सो को निराकरण गर्ने ,

**९.बीमा लाभग्राहीहरुको नामावली प्रकाशन :**

(क) नियम नं. ७ बमोजिम स्वीकृत बीमा लाभग्राहीहरुको नामावली प्रकाशन गर्ने जिम्मेवारी गाउँकार्यपालिकाको कार्यालयको हुनेछ । सो नामावलीको एक प्रति गाउँकार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्दछ । साथै तोकिएको समय भित्रै वडागत नामावली छुट्याइ अभिलेखीकरणु गर्नुपर्दछ ।

(ख) वडागत नामावली प्रकाशन गर्ने जिम्मेवारी सम्बन्धित वडाको हुनेछ ।

(ग) बीमा लाभग्राहीहरुको नामावली वडा कार्यालय मा र गाउँ कार्यपालिकामा नै राख्नु पर्नेछ ।

१०.**सम्झौता** :गाउँ कार्यपालिका र छनौट भएका बीमा लाभग्राहीहरु बिच सम्झौता गर्नु पर्नेछ । ससम्झौता पत्र अनुसूची-२ बमोजिम हुने छ ।

**११.स्वास्थ्य बीमाप्रारम्भ, बिधि तथा प्रक्रिया :**

नियम नं. १० बमोजिम सम्झौतापत्रमा हस्ताक्षर गरे पछि मात्र निजलाई स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत बीमित हुनको लागि योग्य भएको मानिने छ र तत्पश्चात स्वास्थ्य बीमा प्रक्रिया प्रारम्भ हुने छ । वडामा खटिने दर्तासहयोगी ले सो बीमित लाई स्वास्थ्य बीमाको सहजीकरण शुरु गर्ने छन् । वीमा गरे बापत प्राप्त गरिने सेवा सुबिधा तोकिएब मोजिम हुनेछन् ।

## परिच्छेद — ३

१२. **बिबिध :**

(क) यो कार्यविधि लागू गर्नु अगावै नियम नं. २ बमोजिम यागेयता पुगको कुनै व्यक्ति वा परिवारले स्वास्थ्य बीमा गरिसकेको रहेछ भने निजको हकमा बीमा रकम सोधभर्ना गर्न वा पुनः दोहोरो बीमहुने छैन ।

(ख) छनौट भएका स्वास्थ्य बीमा लाभग्राहीको परिवारमा कम्तिमा ५(पाँच) जना सदस्यको बिमा गरिन छ र

थप सदस्य भएमा सोहि बमोजिम प्रति सदस्य प्रिमियमको ५०% रकम थप गर्दै लगिने छ ।

(ग) नियम नं.१ मा जेसुकै कुरा लेखिएता पनि गाउँ पालिकाले स्वीकृत गरेको बजेटले तोकिएको बाहेक अन्य कसैलाई पनि बिमा गर्न पालिका बाध्य हुने छैन तर रकम नपुग भएमा थप बजेटको ब्यबस्थापन गर्न गाउँ कार्यपालिकामा पेश गरिनेछ,

(घ) यो स्वास्थ्य बीमा सहयोग कार्यक्रम का बारेमा कुनै सम्भावित लाभग्राहीको नाम छुट हुन गएको, दोहोरो परेको वा कुनै कारणले नाम समावेश हुन नसकेको सम्बन्धमा गुनासो सुन्नेनिकाय वा अधिकारी सम्बन्धित वडा कार्यालय वा वडा अध्यक्ष हुने छ ।

(ङ) योकार्यविधि का नियमहरुलाई संशोधन वा थपघट गर्ने अधिकार जोरायल गाउँकार्यपालिका मा निहित हुने छ ।

(च) बिमा सम्झौता पश्चात बिमा दर्ता सहयोगी बाट हुने बिमादर्ता वापतको शुल्क दर्ता सहयोगीले दर्ता गरेको पुष्टी हुने आधार सहित सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिका समक्ष पेश गरी भुक्तानी प्राप्त गर्न सक्ने छन ।

(छ) यो कार्यविधि गाउँ कार्यपालिका बाट स्वीकृत भएपछि लागु हुनेछ ।

(ज) अन्य ब्यबस्था स्वास्थ्य बिमा ऐन २०७४ तथा स्वास्थ्य बिमा नियमावली २०७५ बमोजिम हुनेछ,

जोरायल गाँउपालिका

## अनुसूची-१
## (कार्यविधिको नियम नं. ३ सँग सम्बन्धित)
## बीमा लाभग्राही आबेदन फारम

श्रीमान् वडा अध्यक्ष ज्यू,
वडा नं. :
जोरायल गाउँपालिका,डोटी ।

**विषय : स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धमा ।**

गाउँ कार्यपालिका को कार्यालयले सञ्चालन गर्न लागेको स्वास्थ्य बीमा कार्यक्रम मार्फत बीमा लाभग्राही हुनका लागि आफुलाई योग्यठानी यो आवेदन पेश गरेको छु । आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ सलंग्नछन्, विवरण सहि सत्य छन् झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला । आवेदक

नाम थर :
उमेर :
स्थायीठेगाना :
टोल :
सम्पर्क नं. :
बीमा सेवाग्राही सदस्यहरुको नामावली -कम्तिमा ५जना)

| सि.नं. | बीमा सेवाग्राहीहरुको पुरा नाम थर | उमेर | आवेदकसँगको नाता |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

| | | | |
|---|---|---|---|
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

**संलग्नकागजातहरु :**

१.आवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी
२. स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)
३.आर्थिक रुपले विपन्न तथा अति सिमान्तकृतको प्रमाण खुल्ने कागजात(अति विपन्नको हकमा मात्र )

## अनुसूची नं.-२
## (कार्यबिधिको नियम नं. ९ सँग सम्बन्धित)
## जोरायल गाउँपालिका र स्वास्थय बीमा लाभग्राही बिचको सम्झौता पत्र

जोरायल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,डोटी, (यस पछि पहिलो पक्षभनिने छ) र जोरायल गा.पा.. वडा नं. ................ बस्ने श्री ................................................. नाती/नातीनी/बुहारी श्री................................................... को छोरा/छोरी/श्रीमती वर्ष ..... को श्री...................................................... (यस पछि दोश्रो पक्ष भनिने छ) का बीच देहायका शर्तको अधिनमा रही सम्झौता गर्न मञ्जुर भएकोले सही छाप गरी यो कागज गरी लियौं दियौं ।

**शर्तहरु :**

१. स्वास्थ्य बीमा कार्यक्रम भन्नाले नेपाल सरकारले सञ्चालनमा ल्याएको बीमा कार्यक्रम मात्र बूझ्नु पर्नेछ ।
२. दोश्रो पक्षले अन्य निजी बीमाकम्पनी सँग स्वास्थ्य बीमाका लागि गरेको सम्झौताको बीमा रकम भुक्तानीका लागि पहिलो पक्ष बाध्य हुन छैन ।
३. कार्यविधिको नियम नं. ८(क) बमोजिम प्रकाशित नामावलीमा समावेश भएको परिवारसँग मात्र सम्झौता गरिएको छ ।
४. अनुसूची-१ मा उल्लिखित सदस्यहरुको हकमा मात्र यो सम्झौता उत्तरदायी रहनेछ ।
५. सम्झौता स्वीकृत भए पछि पहिलो पक्षले दोश्रो पक्षको नाममा स्वास्थ्य बीमाको लागि एक अवधीको लागि कुल रकमको बीमा रकम (प्रिमियम) बापत ५०%( पचास प्रतिशत ) भुक्तान गर्नेछ ।
६. शर्त नं. ५ मा उल्लिखित बीमा रकममा कुनै छुटको व्यवस्था भए सो रकमको दावी दोश्रो पक्षले गर्न पाउने छैन ।
७. दोश्रो पक्षले यो सम्झौताको अवधी समाप्त भए पश्चात् पहिलो पक्षबाट सहयोग प्राप्त भएपनि वा नभए पनि बीमालाई निरन्तरता दिई रहनु पर्नेछ ।
८. दर्ता सहयोगी मार्फत स्वास्थ्य बीमा कार्यक्रमका बारेमा दिइएका सबै निर्देशनहरुको पालना गर्नु दोश्रो पक्षको कर्तव्य हुनेछ ।
९. पहिलो पक्ष वा पहिलो पक्ष मार्फत आउने व्यक्ति वा संस्थाले दोश्रो पक्षले उपभोग गरिरहेको बीमाको बारेमा सोधपुछ वा प्रतिक्रिया लिन आउँदा दोश्रो पक्षले त्यस्तो कार्यमा अनिवार्य रुपमा सहयोग पुर्‍याउनु पर्नेछ ।
१०. नेपाल सरकार द्वारा संचालित स्वास्थ्य बीमाको महत्वको बारेमा दोश्रो पक्षले आफ्ना आफन्त र छर छिमेकलाई पनि जानकारी दिनु पर्नेछ ।
११. आवश्यकता अनुसार सम्झौताका शर्तहरु आपसी सहमतीमा थपघट हुन सक्नेछन् ।
१२. यो सम्झौता एक आर्थिक वर्षको लागि मात्र मान्य हुनेछ ।

| **पहिलो पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| पद : | मिति |

**आज्ञाले**

गणेश दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका